**अनुसूची-९**
**(दफा ५३को उपदफा (२)सँग सम्बन्धित)**
**मिलापत्रको लागि निवेदनको ढाँचा**

सिरहा जिल्ला मिर्चैया नगरपालिका न्यायिक समिति समक्ष पेश गरेको मिलापत्रको
संयुक्त निवेदनपत्र

सिरहा जिल्ला मिर्चैया नगरपालिका वडा नं.....वस्ने...............निवेदक(प्रथम पक्ष)

विरुद्ध

सिरहा जिल्ला मिर्चैया नगरपालिका वडा नं.वस्ने ..लिखित जवाफकर्ता (दोस्रो पक्ष)

**विषयः सम्वन्ध विच्छेद ।**

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौः

१. हामीविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको, सोहि वर्ष २०७१ सालको तिहारमा माइत गएपछी घर नआएको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनि निवेदकको निवेदन परेको

२. आफुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो । आफु खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।

३. हामी झगडा गरि आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेतभैसकेको छ । घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अलग वसेकोमा .................... सिरहा जिल्ला मिर्चैया नगरपालिकाको न्यायिक समिति मार्फत वडा नं. ................ अन्तर्गतको ...........................मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता ................को पहलमा एक आपसमा छलफल गरी मिली आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी हामी विच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गरी पाउँ भन्ने निवेदन दावी छोडि पुनः सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि वढाउने छौं । निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (२) वमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौं , लेखिए वमोजिम मिलापत्र गरी पाउँ ।

४. सिरहा जिल्ला मिर्चैया नगरपालिका मिर्चैया नगरपालिका न्यायिक समितिको संचालन तथा व्यबस्थापन ऐन, २०८० वमोजिम यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु .........यसैसाथ संलग्न छ ।

५. यसमा लेखिएका व्यहोरा ठिक साँचो हुन, झुठा ठहरे कानून वमोजिम सहुँला बुझाउला

निवेदकहरु

..................................... प्रथम पक्ष

.................................... दोस्रो पक्ष

इति संवत् ...... साल..............महिना...........गते...........रोज शुभम् ।